चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मिति :२०८३/०५/१०
बैठक संख्या :पहिलो (२०८३/०८४)

आज मिति २०८३ साल भदौ १० गते बुधवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १नं. वडा,वडाअध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २नं. वडा,वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३नं. वडा, वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम् भण्डारी | ७नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८नं. वडा,वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री विष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री लक्ष्मणप्रसाद चालिसे | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | प्रकाश पन्थी | वरिष्ठ प्रशासकीय अधिकृत | |
| १९. | रमन सिंह ठकुरी | वरिष्ठ शिक्षा अधिकृत | |
| २० | शिव वन्नेत | इन्जिनियर | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मितिः २०८३/०५/१०
बैठक संख्याः पहिलो (२०८३/०८४)

<u>प्रस्तावहरु</u>

१. समिक्षा सम्बन्धमा।
२. बार्षिक कार्यतालिका तथा कार्ययोजना सम्बन्धमा।
३. बार्षिक खरिद योजना सम्बन्धमा।
४. पालिकाको सेवा प्रवाहको मापदण्ड (SOP) सम्बन्धमा।
५. स्थानीय दररेट अनुमोदन सम्बन्धमा।
६. शिक्षक विद्यार्थी सम्मान मापदण्ड कार्यविधी सम्बन्धमा।
७. विद्यालय शिक्षण सहयोग अनुदान मापदण्ड सम्बन्धमा।
८. विविध

क) पालिकाको मुख्य प्रशासकीय भवन लगायत अधुरा योजनाको म्याद थप तथा स्रोत सुनिश्चतता सम्बन्धमा।
ख) भेरिएसन अडर स्वीकृत गर्ने सम्बन्धमा।
ग) सम्पन्न योजनाहरुको भुक्तानी पूर्व सूचना प्रकाशन सम्बन्धमा।
घ) सामाजिक सुरक्षा नवीकरण शिविर संचालन सम्बन्धमा।
ङ) नयाँ ठेक्का खोल्दा थप स्रोतको सुनिश्चितता गर्ने सम्बन्धमा।
च) एकीकृत शुक्ष्म स्वास्थ शिविर संचालन सम्बन्धी कार्यविधी तयार गर्ने सम्बन्धमा।
छ) सम्पति विवरण बुझाउने सम्बन्धमा।
ज) स्वास्थ्य चौकी प्रमुख हरुको इन्धन तथा अन्य कर्मचारीहरुको सवारी (मोटरसाईकल) मर्मत सुविधा सम्बन्धमा।
झ) गाउँपालिका तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको तलब, महंगी भत्ता र प्रोत्साहन सुविधाका सम्बन्धमा।
ञ) पालिकाको ठेक्का सूचना नं आय/०२/२०८३-२०८४ र आय/०३/२०८३-२०८४ का सम्बन्धमा।
ट) उच्च मूल्य कृषिबस्तु उत्थानशिल कार्यक्रम (RHVAP) कार्यक्रमका लागि बस्तु र क्लष्टर छनौट सम्बन्धमा।
ठ) उच्च शिक्षा अध्ययनको सिलशिलामा मृत्यु भएका नागरिकको शव चन्द्रकोट सम्म ल्याउन सहयोग गर्ने सम्बन्धमा।
ड) सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा।
ढ) अधुरा/अपुरा आयोजनाहरु सम्पन्न गर्नका लागि रकम माग गर्ने सम्बन्धमा।

<u>निर्णयहरु</u>

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकाको आ.व. २०८३/०८४ मा हालसम्म गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका शाखा/इकाइहरू/वडाहरुबाट सम्पादन भएका विभिन्न कार्यक्रम, सेवा प्रवाह, प्रशासनिक कार्य तथा अन्य गतिविधिहरूको समग्र समीक्षा गरियो। समीक्षा क्रममा हालसम्मको प्रगति, उपलब्धि, कार्यान्वयनको अवस्था, देखिएका समस्या तथा चुनौतीहरूका सम्बन्धमा छलफल गरी बाँकी अवधिमा स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयन गर्दै निर्धारित लक्ष्य तथा उद्देश्य हासिल गर्ने गरी कार्यसम्पादनलाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउने।

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मितिः २०८३/०५/१०
बैठक संख्याः पहिलो (२०८३/०८४)

२. प्रस्ताव नं २. उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ मा गाउँपालिकाबाट सञ्चालन तथा सम्पादन गरिने विभिन्न योजना, कार्यक्रम तथा क्रियाकलापहरूलाई निर्धारित समयभित्र प्रभावकारी रूपमा कार्यान्वयन गर्न शाखागत रुपमा तयार कार्ययोजनालाई एकीकृत गरी तयार गरिएको चन्द्रकोट गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्यतालिका तथा कार्ययोजनालाई स्वीकृत गर्ने। साथै, स्वीकृत कार्यतालिका तथा कार्ययोजनाअनुसार सम्बन्धित शाखा, वडा तथा जिम्मेवार निकायहरूले तोकिएको समयसीमाभित्र आवश्यक समन्वय र सहकार्य गरी कार्यसम्पादन गर्ने।

३. प्रस्ताव नं ३. उपर छलफल गर्दा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने विभिन्न योजना, कार्यक्रम तथा आवश्यक वस्तु तथा सेवाहरूको खरिद कार्यलाई प्रचलित कानून बमोजिम व्यवस्थित, पारदर्शी, मितव्ययी तथा प्रभावकारी रूपमा सञ्चालन गर्न खरिद समितिबाट तयार पारिएको चन्द्रकोट गाउँपालिका गुल्मीको वार्षिक खरिद योजना २०८३/०८४ लाई स्वीकृत गर्ने ।

४. प्रस्ताव नं ४. उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवाहरूलाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री बनाई सेवा प्रवाहमा एकरूपता कायम गर्न तयार गरिएको "चन्द्रकोट गाउँपालिकाको सेवा प्रवाहको मापदण्ड (Standard Operating Procedure-SOP)" सम्बन्धी मस्यौदा उपर आवश्यक छलफल गर्दै उक्त मापदण्ड यसै बैठक मार्फत स्वीकृत गर्ने र लागु गर्ने।

५. प्रस्ताव नं ५. उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकाको स्थानीय दररेट निर्धारणका सन्दर्भमा चन्द्रकोट गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को दफा १५८ बमोजिमको स्थानीय दररेट समितिको मिति २०८३ असार ३२ को बैठकको निर्णयानुसार स्वीकृत भएको चन्द्रकोट गाउँपालिकाको स्थानीय दररेट आ.व. ०८३/०८४ लाई अनुमोदन गर्ने र कार्यान्वयनमा लैजाने।

६. प्रस्ताव नं ६. उपर छलफल गर्दा, चन्द्रकोट गाउँपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरूको उत्कृष्ट कार्यसम्पादन, शैक्षिक उपलब्धि, सिर्जनात्मकता, नवप्रवर्तन, अनुकरणीय कार्य तथा गाउँपालिकाको शैक्षिक विकासमा पुऱ्याएको योगदानलाई उचित रूपमा पहिचान, मूल्याङ्कन तथा सम्मान गर्न आवश्यक देखिएकोले उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा विद्यार्थीलाई निष्पक्ष, पारदर्शी, वस्तुनिष्ठ र समान आधारमा सम्मान तथा प्रोत्साहन प्रदान गर्दै शिक्षक तथा विद्यार्थीहरूमा थप उत्साह, उत्प्रेरणा र प्रतिस्पर्धात्मक भावना अभिवृद्धि गर्दै शैक्षिक गुणस्तर सुधार, उत्कृष्ट अभ्यासको प्रवर्द्धन तथा गाउँपालिकाको समग्र शैक्षिक विकासमा सकारात्मक योगदान पुऱ्याउने उद्देश्यले तयार गरिएको "चन्द्रकोट गाउँपालिकाको शिक्षक विद्यार्थी सम्मान मापदण्ड, २०८३" को मस्यौदा उपर आवश्यक छलफल गरी मापदण्डमा समावेश भएका सम्मानका आधार, छनोट प्रक्रिया तथा आवश्यक मापदण्डहरू उपयुक्त देखिएको हुँदा उक्त मापदण्ड यसै बैठकबाट स्वीकृत गर्ने साथै उक्त स्वीकृत मापदण्ड बमोजिम सम्बन्धित शाखाबाट आवश्यक समन्वय गरी शिक्षक तथा विद्यार्थी छनोट, मूल्याङ्कन तथा सम्मानसम्बन्धी कार्य अगाडि बढाउने।

७. प्रस्ताव नं ७. उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकाबाट आ.व. २०८३/०८४ का लागि विनियोजन गरिएको विद्यालय शिक्षण सहयोग अनुदान रकम सम्बन्धित विद्यालयमा शिक्षण सिकाइ कार्यलाई प्रभावकारी,

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

गुणस्तरीय तथा नियमित बनाउन सहयोग पुग्ने गरी तपसिलमा उल्लिखित मापदण्ड तथा शर्तहरूलाई स्वीकृत गरी लागु गराउने।

८. माथिको प्रस्ताव नं ८. विविध उपर छलफल देहाय बमोजिम गर्ने।

क) चन्द्रकोट गाउँपालिकाको निर्माणाधिन मुख्य प्रशासकीय भवन लगायत तपशिलमा उल्लेखित अधुरा योजनाहरुको हकमा सम्बन्धित निर्माण व्यवसायिको प्राप्त निवेदन तथा बैंङ्क ग्यारेन्टि सहितका आधारमा तपशिल अनुसार हुनेगरी म्याद थप तथा स्रोत सुनिश्चताका गर्ने।

तपशिलः

| क्र.सं. | योजनाको नाम | म्याद थप मिति | बजेट स्रोत | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | मुख्य प्रशासकीय भवन | २०८३ कार्तिक मसान्त सम्म | संघीय सरकार | आवश्यकता बमोजिम | |
| २ | शान्तिपुर डाँडावन घेतुङ्ग काल्चे हुँदै वरेङ्ग जोड्ने सडक | २०८३ मंसिर मसान्त सम्म | भैपरी पुजीगत/विविध | ४ लाख | |
| ३ | दिब्रुङ्ग दह पर्यटन पूर्वाधार कार्यक्रम | २०८३ माघ मसान्त सम्म | संघीय/प्रादेशिक सरकार | २५ लाख | |

ख) यस चन्द्रकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ देखि बहुबर्षिय योजनाको रुपमा संचालन भईरहेको संघीय विषेश योजना (सीमान्तकृत समुदायका लागि एकिकृत बस्ति विकासको पूर्वाधार योजना) को कार्यान्वयनका सन्दर्भमा स्वीकृत लागत अनुमान तथा सुरु संझौतामा नबढ्ने गरि पालिकाको पूर्वाधार शाखाले पेश गरे अनुसार आवश्यक पर्ने क्वान्टिटिका लागि भेरियसन आदेश स्वीकृत गर्ने।

ग) यस चन्द्रकोट गाउँपालिकाको चालु आ.व. २०८३/०८४ मा संचालन हुने आयोजनाहरु सम्पन्न भए पश्चात् सम्पन्न भएका योजनाहरुको भुक्तानी गर्दा रु ३ लाख सम्म बजेट भएका योजनाहरुको वडा स्तरबाट तथा रु ३ लाख भन्दा माथि बजेट भएका योजनाहरुको सन्दर्भमा भुक्तानी अगाडि पालिका स्तरबाट दावि विरोधको लागि ७ (सात) दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने र दावि विरोध प्राप्त भएमा प्राप्त दावी विरोध उपर जाँजबुझ गरी भुक्तानीका लागि पेश गर्ने।

घ) चन्द्रकोट गाउँपालिकाका अधिकांश नागरिकहरूको अस्थायी वसोबास रहेको बुटवल क्षेत्रलाई केन्द्रमा राखी गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको सामाजिक सुरक्षा भत्ता नवीकरण कार्यलाई सहज, सरल तथा नागरिकमैत्री बनाउन सामाजिक सुरक्षा नवीकरण शिविर मिति २०८३ भाद्र २५ र २६ गते सञ्चालन गर्ने। उक्त शिविर सञ्चालनका लागि आवश्यक स्थान, जनशक्ति, प्राविधिक तथा अन्य व्यवस्थापकीय तयारी गरी कार्य सम्पन्न गर्ने जिम्मेवारी सम्बन्धित शाखालाई प्रदान गर्ने।

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मणप्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

ङ) चन्द्रकोट गाउपालिकाद्धारा आ.व. २०८३/०८४ मा ठेक्का प्रकृयाद्धारा संचालन हुने सबै योजनाको लागि हाल विनियोजन भएको रकममा १० प्रतिशत थप गरी लागत अनुमान तयार गर्ने र सो को लागि पालिकाको भैपरी आउने पुजीगत एवम् विविध शीर्षकबाट व्यहोर्ने गरी थप हुने १० प्रतिशत रकमको स्रोत सुनिश्चितता गर्ने।

च) चन्द्रकोट गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम "सम्पूर्ण वडामा एकीकृत सुक्ष्म स्वास्थ्य शिविर कार्यक्रम (त्रैमासिक)" लाई व्यवस्थित, प्रभावकारी तथा सेवाग्राहीमैत्री रूपमा सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधि तयार गरी आगामी कार्यपालिका बैठकमा उक्त कार्यविधिको मस्यौदा पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वास्थ्य शाखालाई आवश्यक निर्देशन दिने।

छ) आ.व. २०८२/०८३ को आर्थिक बर्ष सुरु भए पछिको ६० दिनभित्र बुझाउनु पर्ने सम्पत्ति विवरण प्रचलित कानूनले तोकेको समयसीमाभित्र अनिवार्य रूपमा बुझाउनुपर्ने व्यवस्था रहेको हुँदा सो सम्बन्धमा सम्पूर्ण गाउँसभा सदस्यज्यूहरूलाई आवश्यक जानकारी गराई तोकिएको समयमै सम्पत्ति विवरण पेश गर्न अनुरोध गर्ने।

ज) स्वास्थ्य चौकीहरुको गाउँपालिका मातहतका स्वास्थ्य चौकीहरूबाट प्रदान हुने सेवा प्रवाहमा सहजता ल्याई आवश्यक आवागमन तथा अन्य कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले प्रत्येक स्वास्थ्य चौकीलाई मासिक १० (दश) लिटरका दरले इन्धन उपलब्ध गराउने र उक्त इन्धनको आवश्यकताअनुसारको उपयोगको व्यवस्था सम्बन्धित स्वास्थ्य चौकी प्रमुखले गर्ने व्यवस्था मिलाउने साथै अन्य कर्मचारीहरुको इन्धन सुविधाको हकमा यस अघिको निर्णय यथावत राखि थप इन्धन आवश्यक परेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा प्रदान गर्न सकिने व्यवस्था मिलाउने र मर्मतको हकमा यस अघिको निर्णयानुसार दिँदै आएको मर्मत सुविधा (मोटरसाईकल) लाई वार्षिक रु.३ हजारका दरले थप गर्ने।

झ) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८८ अनुसार यस चन्द्रकोट गाउँपालिका तथा मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरूको आर्थिक बर्ष २०८३/०८४ को स्थानिय तलब, ग्रेड र प्रोत्साहन सुविधा संघीय र लुम्विनी प्रदेश सरकारबाट प्राप्त भए अनुसार गर्ने।

ञ) यस गाउँपालिका अन्तर्गत वडा नं. ७ र ८ मा पर्ने बडिगाड नदीको बगर क्षेत्र तथा वडा नं. २ स्थित खहरे खोलाका नाकाबाट दिगो तथा बाववरणमैत्री रुपले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन कार्यका लागि आय ठेक्का बन्दोबस्त गर्ने प्रयोजनार्थ यस कार्यालयबाट मिति २०८३/०४/२६ गते प्रकाशित सूचना बमोजिम ठेक्का बन्दोबस्तको प्रक्रिया अगाडि बढाइएकोमा, लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८३ मा तोकिएको दररेट तथा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (BES) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा कायम भएको नदीजन्य पदार्थको परिमाणगत मूल्यमा फरक देखिन गई मिति २०८३/०४/२६ मा खोलिएको ठेक्काको मूल्याङ्कन प्रक्रिया बोलपत्र मूल्याङ्कन समितिबाट मिति २०८३/०५/०२ गते रद्द भएको विषयमा छलफल गरियो। साथै, मिति २०८३/०५/०२ गतेको अध्यक्षस्तरीय स्वीकृत टिप्पणी बमोजिम गत आर्थिक वर्षमा सेवा परामर्शमार्फत तयार भई स्वीकृत भएको यस गाउँपालिका अन्तर्गत वडा नं. ७ र ८ मा पर्ने बडिगाड नदीको बगर क्षेत्र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (BES) र प्रारम्भिक

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मितिः २०८३/०५/१०
बैठक संख्याः पहिलो (२०८३/०८४)

वातावरणीय परीक्षण (IEE) प्रतिवेदनलाई हालको अवस्था तथा प्रचलित कानूनी व्यवस्था अनुरूप अध्यावधिक गर्न सम्बन्धित परामर्शदाताहरुलाई अनुरोध गरिएकोमा मिति २०८३/०५/०९ गते सम्बन्धित परामर्शदाताहरुबाट प्राप्त अध्यावधिक IEE प्रतिवेदनहरु अध्ययन तथा छलफल गर्दा आवश्यक संशोधन तथा अध्यावधिकसहित पेश भएका देखिएकाले प्राप्त अध्यावधिक प्रतिवेदनहरु स्वीकृत गर्ने। साथै, स्वीकृत अध्यावधिक IEE प्रतिवेदनमा उल्लेखित नदीजन्य पदार्थको परिमाण, क्षेत्रफल, उत्खनन् योग्य परिमाण, वातावरणीय तथा अन्य प्राविधिक विवरण र प्रचलित कानूनी व्यवस्था बमोजिम कायम हुने दररेटलाई आधार मानी आवश्यक प्रक्रिया पूरा गरी नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरणका लागि पुनः आय ठेक्का बन्दोबस्त गर्न कार्यालयलाई निर्देशन दिने।

ट) चन्द्रकोट गाउँपालिका गुल्मीमा कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशबाट संचालित उच्च मूल्य कृषिबस्तु उत्थानशिल कार्यक्रम (RHVAP) कार्यक्रमका लागि तपशिल बमोजिम बस्तु र क्लष्टर छनौट गर्ने। साथै यसरी छनौट भएका क्लष्टर र बालीहरुलाई तपशिलको प्राथमिकता बमोजिम RHVAP समक्ष पेश गर्ने।

तपशिलः

| क्लष्टर | वडा नं. | गाउँ/टोल | प्रमुख बाली १ | प्रमुख बाली २ |
|---|---|---|---|---|
| क्लष्टर १ | ३ | झारखर्क-हर्राचौर | बाखा | टिमुर |
| | २ | ओलिवाङ-खालीडाँडा-भीरखानी-विशुखर्क-बजेनी | | टिमुर |
| | १ | दह-लाम्दासी | | लसुन/आलु (वडा नं. १ लुग्दी गाउँमा) |
| | ४ | रेमी | | टिमुर (टिमुरे) |
| | ८ | किसिकोट-बसाढ | | टिमुर (किसिकोट र टिमुरे) |
| | ५ | धुवाँखर्क-किटेनी-सोमरापेक्सर-गब्दे-धुवाखोला | | सुन्तला |
| | ६ | टारी-भेडिखाल्टा-नेटापोखरा-खादीकोट-क्वाङ्गदी-अर्जेवा-झापक-हरेवा | | सुन्तला |
| क्लष्टर २ | ७ | देउराली-ठूला रघु-साना रघु-डकुवा-राव-भडारथुम-बौसदी-छाप-डाँस्चौर | अदुवा र बेसार | अकबरे खुर्सानी |
| | ८ | स्वाँरा-पिपलपाटा-झुर्म-कालिकागाउँ-गेखुङ्ग-तल्लो तुराङ्ग | | |

ठ) चन्द्रकोट गाउँपालिका वडा नं. ६ हरेवा तिलपाटा निवासी डिल्लिराज शर्मा र शारदा शर्माका सुपुत्र बर्ष २३ का सरोज शर्माको उच्च शिक्षा अध्ययनको क्रममा क्यानडामा मिति २०८३/०४/२३ गते भएको

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठक मितिः २०८३/०५/१०
बैठक संख्याः पहिलो (२०८३/०८४)

दुर्घटनामा परि निधन भएकोमा मृतात्माको चिर शान्तिको कामना सहित शोक स्तव्ध परिवारजन प्रति हार्दिक समवेदन व्यक्त गर्ने। साथै मृतकको शव काठमाडौंबाट निजको घर सम्म ल्याउन लाग्ने यातायात खर्च बापत रु ५० हजार बरावरको सहयोग सम्वन्धित परिवारलाई उपलब्ध गराउने।

ड) चन्द्रकोट गाउँपालिकामा संचालन हुने संघीय शशर्त तर्फको स्वीकृत कार्यक्रम सुरक्षित नागरिक आवास कार्यक्रमका सम्बन्धमा गत आवमा छनौट भई सम्झौता गरि निर्माण कार्य सम्पन भएका लाभग्राहीहरुको हकमा भुक्तानी प्रकृया अगाडि बढाउने साथै सम्झौता हुन बाँकी रहेका लाभग्राहीहरुको हकमा यथाशिध्र सम्झौता प्रकृया अगाडि बढाउने।

ढ) चन्द्रकोट गाउँपालिका गुल्मीमा गत आर्थिक बर्षहरुमा संघीय तथा प्रादेशिक समपुरक एवम् विशेष योजनाहरु मार्फत संचालित आयोजनाहरु पूरा नभई अधुरो रहेकोमा उल्लेखित आयोजनाहरु सम्पन्नका लागि आवश्यक पर्ने रकमको लागत अनुमान तयार गरी सम्बन्धित निकायमा थप रकम निकाशाका लागि माग गर्ने।

*उल्लेखित निर्णयहरुसँगै अध्यक्षज्यूबाट गाउँ कार्यपालिकाको पहिलो बैठकमा उपस्थित सम्पूर्ण कार्यपालिका सदस्यहरु तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै बैठक सम्पन्न भयो।*

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

२०८३/५/१०

लक्ष्मणप्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत